प्रदेश सरकार

प्रदेश नं.२

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,सप्तरी,राजविराज

## प्राङ्गारिक मल खरिदका लागि बोलपत्र आव्हान गरिएको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७८/०२/०२**

**ठेक्का नं.०२/२०७७/७८**

१. कृषि ज्ञान केन्द्र,सप्तरीको आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयको कार्यक्षेत्रको कृषकस्तरमा प्राङ्गारिक तथा जैविक मल ७५% अनुदान सहयोग तथा वांकी २५% कृषकको लगानीमा कृषकस्तरमा आपूर्ति/वितरण गर्न प्रचलित कानून बमोजिम मान्यता प्राप्त फर्म/कम्पनी/आपूतिकर्ता वितरकले यस सप्तरी जिल्लाको जुनसुकै स्थानीयतह/क्षेत्रमा कृषकहरुमा बिक्री वितरण गर्न सक्ने मल उत्पादन तथा आपूर्ति सम्बन्धि मान्यता प्राप्त प्रयोगशाला परीक्षण प्रमाणित भएको र प्राङ्गारिक मल अनुदान कार्यविधि २०७६ को स्पेसिफिकेसन बमोजिमको मापदण्ड पूरा भएका बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत, प्रागांरिक मल खरिद गर्न यो बोलपत्र आव्हान गर्दछ ।

२. बोलपत्रदाताहरूले वोलपत्र सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं.०३१-५२००५० र इमेल नं.akcsaptari@gmail.com तथा वेवसाईट www.akcsaptari.p2.gov.np मा हेर्न र सम्पर्क गर्न सक्नेछ ।

३. बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु कृषि ज्ञान केन्द्र,सप्तरी,राजविराजबाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्र नवीकरण गरिएको प्रतिलिपी,आयकर दर्ता प्रमापत्र,आ.व.२०७६।०७७ को करचुक्ताको प्रमाणपत्र र बोलपत्र खरिद दस्तुर रु.३०००।०० (पछि फिर्ता नहुने) रा.वा.बैंक राजविराज शाखाको राजश्व खाता नं.१०००२०००१००००, राजश्व शिर्षक नं.१४२२९ मा कृषि ज्ञान केन्द्र,सप्तरीको कार्यालय कोड नं.३१२०११५०१२ मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी मिति २०७८।०२।३१ गतेसम्म कार्यालय समयभित्र वोलपत्र खरिद गर्न सकिने छ ।

४. बोलपत्र कृषि ज्ञान केन्द्र,सप्तरीमा मिति२०७८।०३।०१ गते १२.०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्विकार गरिनेछैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा कृषि ज्ञान केन्द्र,सप्तरीमा मिति२०७८।०३।०१ गते ०१.००बजे खोलिनेछ ।

६. यस कृषि ज्ञान केन्द्र,सप्तरीको आ.व.२०७७/०७८ को स्विकृत लागत अनुमान रकम रु.३३३३३३३।३३ को बोलपत्र साथ रु.१०००००।०० अक्षरेपी रु.एक लाख मात्र रा.वा.बैंक राजविराज शाखा स्थित को.ले.नि.का.सप्तरीको प्रदेश धरौटी खाता नं.२१८०१००२०२०३०००० कृषि ज्ञान केन्द्र,सप्तरीको कार्यालय कोड नं.३१२०११५०१२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक जमानत(विडवण्ड)को हकमा १२० दिनको म्याद भएको बोलपत्र जमानत बापत पेश गर्नु पर्नेछ

७. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

९. बजेट उपलव्धता अनुसार बजेट तथा परिमाण थपघट समेत हुन सकिने छ ।

(कार्यालय प्रमुख)